लिम्चुङबुङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर
प्रदेश नं १, नेपाल

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना !

दोस्रो पटक प्रकाशित मिति : २०७८/१२/०९

**यस कार्यालयद्धारा स्वीकृत बार्षिक कार्यक्रम बमोजिम तपसिल अनुसारका सामग्री खरिद कार्य गर्नु पर्ने भएकोले इच्छुक तथा इजाजत प्राप्त विक्रेता/कम्पनी/फर्महरूबाट निम्न शर्तहरूको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।**

**शर्तहरू :**

१. दरभाउपत्र खरिदको लागि फारम दस्तुर बापत रु. १,०००/- (अक्षरुपी रु. एक हजार मात्र) (पुन: नयाँ दस्तुर) यस कार्यालयको नेपाल एस.बि.आई बैकको शाखा कार्यालय लिम्चुङबुङमा रहेको **ग:१.१ आन्तरिक राजस्व खाता नं.४३२९५२४१२०७००४**मा नगद जम्मा गरी सो को सक्कल रसिदसहित आपूर्ति गर्नुपर्ने सामग्री सम्बन्धि कारोबार गरिरहेको विक्रेताको फर्म दर्ता प्रमाण पत्रको प्रति, व्यवसाय दर्ता इजाजत पत्र (नविकरण सहित), स्थायी लेखा नं.(**PAN**) र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, गत आ.व. सम्मको कर चुक्ता गरेको प्रमाण पत्र वा कर विवरण पेश गरेको कागजातहरु अनिवार्य पेश गर्नु पर्ने छ ।

२. खरिद गरिएका दरभाउपत्रहरु दौश्रो पटक प्रकाशित भएको मितिले १६ औं दिन अपरान्ह १२:०० बजे भित्र दर्ता गरिसक्नु पर्नेछ । तोकिएको मिति तथा समय भन्दा पछि बुझाएको दरभाउपत्र स्विकार गरिने छैन ।

३. बोलपत्रदाताले उक्त सामान यस कार्यालयमा आफै ढुवानी गरी ल्याउनु पर्नेछ ।

४. दर्ता गर्न ल्याईएका दरभाउपत्र (परिमाणको मूल्य पत्र समेत) को सिलवन्दी खाममा दरभाउपत्र सि.नं.,ठेक्का नं., कामको नाम, विक्रेता/कम्पनी वा अधिकृत डिलरको नाम र ठेगाना स्पष्ट संग लेखिएको हुनुपर्नेछ ।

५. दरभाउपत्र साथ यस कार्यालयको नेपाल एस.बि.आई बैकको शाखा कार्यालय लिम्चुङबुङमा रहेका धरौटी खातानं.४३२२५२४०६००००३ मा तपसिलमा उल्लेखित रकम जम्मा गरेको सक्कल भौचर वा कम्तिमा ७५ दिनको म्याद भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त “क” वर्गको बैंकबाट जारी गरिएको “विडवण्ड” संलग्न भएको हुनुपर्ने छ ।

६. परिमाणको मूल्य पत्रमा तोकिए अनुसार दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनुपर्नेछ ।

७. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन क्रमश: दरभाउपत्र खरिद गर्न, दाखिला गर्ने र खोलिनेछ ।

८. दरभाउपत्रमा माग गरिएको परिमाण थपघट गर्ने,दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृती गर्न सम्पुर्ण अधिकार यस कार्यालयमा रहनेछ ।

९. अन्य जानकारीको लागि ९८५२८२९१०१ वा ९८१७३४३६०९मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।

१०. आपूर्ति गर्नुपर्ने सामग्री सम्बन्धी आवश्यक जानकारी यस गाउँपालिकाको वेव साईट **www.limchungbungmun.gov.np** मा हेर्न सकिने छ ।

**तपसिल :**

| सि.न. | ठेक्का नं. | आपूर्ति गर्नुपर्ने सामग्रीको विवरण | कुल रकम | धरौटी रकम |
|---|---|---|---|---|
| १, | LRM/SQ/Goods/ 19/2078-079-RE | 1. Supply and delivery of sanitary pad | रू. ८,१२,०००/- | रू. ४१,०००/- |


# नातीनि आफ्नै हजुरबाको करणीबाट गर्भवती

**एक्सप्रेस सम्वाददाता**
संखुवासभा, चैत ७।

सङ्खुवासभाको चैनपुर नगरपालिका(७ की मीना लिम्बू (परिवर्तित नाम) ले सानैमा आमा(बुबा गुमाइन् । तर तीनभाइ काकाहरू र हजुरबुबा(हजुरआमा भएका कारण उनले टुहुरी अनुभूति गर्न पाएकी थिइनन् । अझ काकाले आफ्ना दुई छोरी हुँदाहुँदै पनि मीनालाई लिखितम् गरेरै पालनपोषण गर्ने प्रतिबद्धता जनाएपछि त उनले आफूलाई भाग्यमानी नै ठानेकी थिइन्।

काका(काकीले पालनपोषणको जिम्मा लिए पनि उनी आफूलाई जन्म दिने आमाबुबाको शेष जहाँबाट सकियो त्यहीँ अर्थात् हजुरबुबा(हजुरआमा बसेको घर (मूलघर) मा बस्न थालिन् । मूलघर र काकाको घर केही मिनेटको दूरीमा थियो। त्यसैले कहिलेकाहीँ काकाको घर पुग्थिन्। प्राय:जसो मूलघरमा हजुरबुबा(हजुरआमा अनि फुपूहरूसँग बस्थिन् । दुई फुपूहरू कक्षा नौ र १० मा पढ्थे। मीना कक्षा चारमा पढ्थिन्। तर हजुरबुबाले भने आफ्ना छोरीहरू (मीनाका फुपू) लाई मात्र विद्यालय पठाउँथे । मीनाले भने घर(गोठकै काममा दिन बिताउनुपर्थ्यो । सबैले खाना खाएपछि मात्र मीनाले खान पाउँथिन्। सबैका जुठा भाँडा मोल्नुपर्थ्यो । यसैले पनि उनी पढ्नबाट बञ्चित थिइन् । स्कुल जान नपाउँदा साथीहरूसँग भेट गर्न नपाउँदा उनी एकोहोरीजस्तै भएकी थिइन्।

मीनाका हजुरबुबा उमेरले ६८ वर्ष पुगिसकेका थिए। मीना उनका जेठा छोराकी छोरी हुन्। हजुरबुबा धामी(झाँक्री थिए । कतै धामी बसेर आउँदा मीनालाई फलफूल मिठाइ, राटी ल्याइदिन्थे । यसैले मीना हजुरबुबा, हजुरआमाको मायाबाट मख्ख थिइन् । तर उनका हजुरबुबाको नजर भने मीनाको नवयौ'वनमा परिसकेको थियो । मीना हुर्किनेक्रममा थिइन्। १४ वर्षीय मीनामाथि उनका हजुरबुबाको कुदृष्टि परिसकेको थियो। हजुरबुबा धामी बसेर प्राय: राति आउने । पहाडको घर, ढोकाविहीन कोठामा एक्लै सुत्ने गर्थिन्, मीना । मुलघरमा उनको कोठामा मात्र होइन, केही परतिर रहेको फुपूहरूको कोठामा पनि ढोका थिएन। हजुरआमा टाँडमाथि सुत्थिन्।

२०७८ साल असार ७ गते राति। धामी बसेर फर्किएका हजुरबुबा मीनाको कोठामा छिरे । मीनामाथि जबरजस्ती करणी गरे । मीनाको चित्कार अरूले थाहा पाएनन् । करणीपछि रुन थालेकी मीनालाई उनका हजुरबुबाले पिट्ने धम्की दिए। कसैलाई भनेको खण्डमा मारिदिने भन्दै दाह्रा किटे । 'धामी हुँ, जे पनि गर्न सक्छु' भन्दै त्रास देखाएपछि डराएकी मीनाले कसैलाई भन्ने आँट गरिरन्। त्यतिकै पनि पढ्न नपाउँदा एकोहोरिएकी मीनामाथि पटक(पटक उनका हजुरबुबाले 'हैकम' जमाए। कहिले माया गरेजस्तो गरेर करणी गरे, कहिले धम्की दिँदै करणी गरे। लगातार चार महिना मीना उनका हजुरबुबाको यौनक्रियाको सिकार बनिन्।

मीना शारीरिक बनोट ठुली भए पनि मानसिक रूपमा उनी नाबालिग थिइन् । उनले सिक्न धेरै बाँकी थियो। विद्यालय जान नपाएपछि उनको सिक्नेक्रममा विश्राम लागेको थियो। झन्, घर(गोठको काम अनि हजुरबुबाको धम्कीका कारण केही नयाँ कुरा सिक्ने उत्सुकता पनि मरिसकेको थियो । मीना यतिसम्म अन्जान थिइन् कि, उनलाई यौन सम्बन्धबाट बच्चा जन्मिन्छ भन्ने थाहासमेत थिएन । महिनावारीको विषयमा उनी धेरै जानकार थिइनन् । महिनावारी रोकिँदा गर्भ बस्छ भन्ने उनलाई थाहा थिएन।

घरिघरि काकाको घर जाँदा उनकी काकीले महिनावारीका बारेमा सोध्थिन्। जसमा उनले निरन्तर भइरहेको बताउँथिन् । तर मीना दिनानुदिन अस्वस्थजस्तो देखिएपछि उनकी काकीले स्वास्थ्य जाँचका लागि स्वास्थ्यचौकी लगिन्। परीक्षणपछि मीना गर्भवती रहेको पत्ता लाग्यो। काकीले केरकार गरेपछि उनले डरका बाबजुत पनि हजुरबुबाले करणी गरेको सुनाइन्। गाउँले मीनाको मुलघरमा भेला भएपछि सुरुमा त उनका हजुरबुबाले अस्वीकार गरे । मीनाले आफूलाई धम्की दिएर करणी गरेको सुनाएपछि उनका हजुरबुबाले स्वीकारेर लिखित रूपमा हस्ताक्षरसमेत गरे।

पछि प्रहरीसमक्ष केस पुगेपछि भने मीनाकी हजुरआमालगायत केही आफन्तले उनीमाथि नै लाञ्छाना लगाए। 'गाउँगाउँ डुल्ने, कति दिनसम्म हराउने गरेको' आरोप लगाउँदै मीना अरूकै गर्भ बोकेको उनीहरूको आरोप थियो। वृद्ध उमेरकी मीनाकी हजुरआमाले इलाका प्रहरी कार्यालय, चैनपुरमा भनिन्, 'मेलापात गोठालामा अरू कोहीसँग सुतेकी होली। कति रात यो घर आउँथिन । कता हराउँथी । मेरा वृद्ध उमेरका पतिले यस्तो गर्नै सक्नुहुन्न । उहाँले त अभिभाकत्व दिनुभएको छ।'

घटना शङ्कास्पद देखिएको भन्दै प्रहरीले मीनाको डिएनए परीक्षण गर्ने निर्णय गरेको थियो । सङ्खुवासभामा डिएनए टेस्टका लागि नमुना सङ्कलन गर्न सम्भव नरहेपछि उनलाई विराटनगरस्थित कोसी अस्पताल ल्याइयो। कोसीमा डाक्टरहरू उपलब्ध नभएपछि उनलाई पुन: धरान फर्काइयो । धरानमा पनि डिएनएको स्याम्पल कलेक्सन गर्ने चिकित्सक उपलब्ध नभएपछि उनी विराटनगरमा रहेको एबिसी नेपालको शरणमा पुगिन् । मीनासँगै आएकी उनकी काकी डिएनएका - ***बाँकी ४ पेजमा***


